प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तह विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमको वार्षिक परीक्षा प्रणालीका नियमित/आंशिक परीक्षा आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।०५।११)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरका शिक्षण संस्थाहरुमा संचालित **विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम (दलित, मुसलमान, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित)** डिप्लोमा तथा प्रमाणपत्र तहका नर्सिङ्ग, सामान्य चिकित्सा, फार्मेसी, फिजियोथेरापी, कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान), फरेष्ट्री कार्यक्रमको प्रथम वर्ष, दोस्रो बर्ष र तेस्रो बर्षको नियमित तथा आंशिक परीक्षा संचालन हुने भएकोले नियमित शुल्कमा **मिति २०७८ साल भाद्र २५ गते र विलम्ब शुल्कमा मिति २०७८ आश्विन ०४ गते भित्र** परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुंदा सम्बन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । ***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समय भित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारी लागि अनुरोध छ ।***

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टाँसिएको हुनुपर्नेछ ।

२. बार्षिक परीक्षा प्रणाली तर्फ परीक्षा शुल्क रु. २,५००।- तथा बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तूर बुझाउनु पर्नेछ । **साथै नियमित शुल्कको समय भित्र** Web Based Online System **मा फाराम** Entry **नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।**

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

४. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

५. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम बुझाउनु पर्नेछ** र मिति **२०७८।०६।०६** भित्र नियमित तथा विलम्व शुल्कको परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

६. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७२/०७३ देखि २०७६/७७ (ई.सं २०१५ देखि २०१९) मा विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत भर्ना भई रजिष्ट्रेशन कायम भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउने छन ।

७. नियमित तर्फ बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web Based Online System मा Entry गरी समष्टिगत फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

८. आंशिक तर्फ शैक्षिक शत्र २०७३/०७४ देखि २०७६/७७ (ई.सं २०१६ देखि २०१९) मा भर्ना भई रजिष्ट्रेशन भएका बार्षिक परीक्षा प्रणालीका सम्पुर्ण कार्यकमहरुको Online आवेदन फारामहरु Web Based Online System मा Entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

९. बार्षिक परीक्षा प्रणालीका नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web Based Online System मा Entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिवर्तन हुने छैन ।

१०. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web Based Online System मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

११. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

१२.नियमित तर्फ बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्, प.नि.का.को वेवसाइट www.ctevtexam.org.np मा उपलब्ध हुनेछ र परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र **सेतो** कागजमा प्रिन्ट गरी पेश गर्नु पर्नेछ ।

१३. परीक्षा आवेदन फाराम परिषद्, प.नि.का.को वेभसाइट www.ctevtexam.org.np मा उपलब्ध हुनेछ । परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र **पहेंलो** रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनु पर्नेछ ।

१४. आंशिक तर्फ शैक्षिक शत्र २०७२/७३ (ई.सं. २०१५) मा भर्ना भई रजिष्ट्रेशन भएका वार्षिक परीक्षा प्रणालीका परीक्षा आवेदन फारामसाथ www.ctevtexam.org.np मा उपलब्ध समष्टीगत फारामको Soft Copy मा समष्टीगत तयार गरी समष्टीगत फारामको प्रमाणित प्रति र आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत (Excel 7.0) मा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

१५. आंशिक तर्फ शैक्षिक शत्र २०७२/७३ (ई. सं. २०१५) मा भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्का प्रदेश कार्यालयहरुबाट उपलब्ध हुनेछ । आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

१६. प्रदेश नं १ को कार्यालय, ईटहरी, सुनसरीको रा.बा.बैङ्क, इटहरी शाखाको च. हि. नं. २५५०१००००१२७८००१ मा,
प्रदेश नं २ को कार्यालय, जनकपुर, धनुषाको रा.बा.बैङ्क, जनकपुर शाखाको च. हि. नं. १५२०१००००२६३९००१ मा,
बागमती प्रदेशको कार्यालय, मकवानपुर, हेटौंडाको रा.बा.बैङ्क, हेटौंडा शाखाको च. हि. नं. १३००१००००३६६९००१ मा,
गण्डकी प्रदेशको कार्यालय, पोखरा, कास्कीको रा.बा.बैङ्क, पार्दी, पोखरा शाखाको च. हि. नं. ३५००१०००००२३४००१ मा,
लुम्बिनी प्रदेशको कार्यालय, बुटवल, रुपन्देहीको रा.बा.बैङ्क, बुटवल शाखाको च. हि. नं. ३३६०१०००००३६१००१ मा,
कर्णाली प्रदेशको कार्यालय, बीरेन्द्रनगर, सुर्खेतको रा.बा.बैङ्क, सुर्खेत शाखाको च. हि. नं. ४०८०१०००१५५२८००१ मा,
सुदुर पश्चिम प्रदेशको कार्यालय, धनगढी, कैलालीको रा.बा.बैङ्क, धनगढी शाखाको च. हि. नं. ४१७०१००००६५०८००१ मा शुल्क जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

**नोट :**

१. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले नियमित शुल्कको परीक्षा आवेदन फाराम मिति २०७८।०५।२६ गते कार्यालय समय भित्र र विलम्ब शुल्कको मिति २०७८।०६।०४ गते कार्यालय समय भित्र Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि उपलव्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**